# चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## गुट्टु, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

## करारमा कर्मचारी लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१/०८/०६)

चौकुने गाउँपालिका गुटु, सुर्खेतको स्वास्थ्य शाखा अन्तर्गत समुदायस्तरमा शंकास्पद औलो विरामीको परीक्षणका लागि सामुदायिक औलो स्वास्थ्यकर्मीहरुको नियुक्ति तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम तपसिलको पदमा देहायको संख्या र योग्यता भएका कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| बिज्ञापन नं. | पद | तह/ श्रेणी | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| ०१-०८१।८२ | ग्रामिण मलेरिया कार्यकर्ता | सहायक चौथो | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रयोगशाला सहायक (Lab Assistant) वा सामुदायिक चिकित्सा सहायक (Community Medicine Assistant) कोर्ष उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | ७००/- | |

**दरखास्त दिने स्थान :** चौकुने गाउँ कार्यपालिकाको कार्यालय गुटु, सुर्खेत । दरखास्त फाराम गाउँपालिकाको वेभ साईटबाट समेत डाउनलोड गर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले ७औं दिनको कार्यालय समयभित्र / अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र ।

**परिक्षाको किसिम :** लिखित तथा मौखिक परीक्षा।

**उमेरको हद :** दरखास्त दिने अन्तिम म्यादसम्म उम्मेदवारको उमेर १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :** नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, तोकिएका शैक्षिक योग्यताका कागजातहरुको प्रमाणित प्रतिलिपि, सबै प्रमाणित कागजातहरुको पछाडीतर्फ सक्कल बमोजिम नक्कल ठिक छ भन्ने व्यहोरा समेत लेखि उम्मेदवार स्वयंले सहिछाप गरेको हुनुपर्नेछ ।

साथै उम्मेदवार अन्य कुनै कानुनले अयोग्य नभएको हुनुपर्नेछ ।

**काम गर्नुपर्ने स्थान :** कार्यालयले तोके बमोजिम ।

**मासिक तलब भत्ता :** गाउँपालिकाले तोकेको स्केल बमोजिम ।

**परिक्षा समय :** सुचनाद्वारा जानकारी गराईनेछ ।

तोकिएको प्रकृया पुरा नभएको र म्याद नाघेर प्राप्त दरखास्त फाराम स्वीकृत हुनेछैन ।

अन्य जानकारीका लागि मोवाइल नं. ९८५८०६४१५५, ९८५८०४७३३३ मा सम्पर्क गर्न सक्नुहुनेछ वा कार्यालयको वेभ साईट www.chaukunemun.gov.np मा समेत हेर्न सकिनेछ ।

परीक्षा समिति
चौकुने गाँउपालिकाको कार्यालय, गुटु सुर्खेत।

CamScanner